नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
सिंहदरबार, काठमाण्डौ

## बुढीगण्डकी जलविद्युत आयोजना को
## लगानीको खाका तयार गर्न गठित समितिले पेश गरेको प्रतिवेदन सम्बन्धी

# प्रेस विज्ञप्ति

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४/८/८ को निर्णयबाट स्वदेशी लगानी तथा प्रविधि उपयोग गरी बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना निर्माण गराउने प्रयोजनका लागि स्वदेशी लगानीको खाका पेश गर्न राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. स्वर्णिम वाग्ले को संयोजकत्वमा नेपाल राष्ट्र बैंक का गभर्नर, अर्थ सचिव, ऊर्जा सचिव, सहसचिव-ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरण का कार्यकारी निर्देशक रहेको समितिले दिएको प्रतिवेदन आज माननीय उपप्रधान तथा उर्जामन्त्री कमल थापा समक्ष आफ्नो प्रतिवेदन पेश गरेको छ । प्रतिवेदनमा जलविद्युतमा लगानीको वर्तमान अवस्था, आगामी १० वर्षभित्र विद्युत क्षेत्रमा आवश्यक लगानी, माग र आपूर्तिको अवस्था, जलाशययुक्त आयोजनाको आवश्यकता, बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको रणनीतिक महत्व, तल्लो तटीय फाइदाको मूल्यांकन र बाँडफाँड, आयोजनाको लागत, ठेक्काको मोडालिटी, आर्थिक सम्भाव्यता, लगानीका विकल्पहरु, आयोजनाबाट समष्टिगत आर्थिक स्थितिमा पर्ने प्रभाव लगायतका बिषयहरु समावेश गरिएको छ ।

समितिले विभिन्न विकल्पहरुको अध्ययन तथा विश्लेषणका आधारमा राष्ट्रिय गौरव एवम् रणनीतिक महत्व बोकेको बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको विकास तथा निर्माणका सन्दर्भमा देहाय बमोजिमका निष्कर्ष सहित कार्यान्वयनका लागि सिफारिश गरेको छ ।

क) आयोजना कार्यान्वयन एवम् लगानीको प्रारूप सम्बन्धमा नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीका रुपमा विशिष्टीकृत आयोजना कार्यान्वयन इकाई (Special Purpose Vehicle, SPV) स्थापना गरी नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, सम्झौतित बचत गर्ने संस्थाहरु (कर्मचारी संचय कोष, नागरिक लगानी कोष, राष्ट्रिय बीमा संस्थान, बीमा कम्पनीहरु) लगायत जलविद्युत लगानी तथा विकास कम्पनी, नेपाल टेलिकम, अपर तामाकोशी जलविद्युत

कम्पनी, चिलिमे जलविद्युत कम्पनी, नेपाली सेना, नेपाल प्रहरीमा रहेको कल्याणकारी कोष तथा सर्वसाधारण र गैर-बैंकिंग वित्तीय संस्थाहरुको समेत लगानी हुने व्यवस्था गर्ने । आयोजनालाई वित्तीय रुपमा सम्भाव्य बनाउन नेपाल सरकारले पुनर्वास, जग्गा अधिग्रहण तथा अन्य भौतिक पूर्वाधार विकासका लागि आयोजनाको कुल लागत (रु. २७० अर्ब) को करिब ३५ प्रतिसत रकम Viability Gap Funding (VGF) गर्ने । साथै नेपाल सरकारले आयोजनालाई नपुग ऋण Viability Gap Lending (VGL) का रुपमा अति सहुलियतपूर्ण ब्याजदरमा उपलब्ध गराउने । उक्त रकम नेपाल सरकारले पेट्रोलियम इन्धनमा लगाएको पूर्वाधार/कार्वन कर बाट पूर्ति गर्ने ।

ख) आयोजना निर्माण भई संचालनमा आउँदा तल्लो तटीय फाइदाहरु (बाढी नियन्त्रण, सिँचाइ, खानेपानी आदि) बारे लाभ-हानीको विश्लेषण गरी प्रचलित अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा विज्ञहरुबाट त्यस्तो मूल्यांकन र लाभ लागत बाँडफाँडको खाका तयार हुन एवम् तल्लो तटीय देशहरुसंग आवश्यक वार्ता, छलफल अघि बढाउन सरकारले पहल गर्ने ।

ग) जलाशयसंग सम्बन्धित आर्थिक सामाजिक सकारात्मक प्रभावहरु (Positive externalities) - पर्यटन, कृषि, मत्स्यपालन, सहरीकरण, सिंचाई, खानेपानी आदि क्षेत्रको प्रवर्द्धन गर्ने र पुनर्वास एवम् वातावारणसंग सम्बन्धित नकारात्मक प्रभावहरु (Negative externalities) को न्यूनीकरण गर्न संघ, प्रदेश र स्थानीय तह संलग्न एकीकृत विकास योजना र लगानीको रणनीति बनाउन प्रारम्भ गर्ने ।

(तुलसी प्रसाद गौतम)
सह- सचिव एवम् प्रवक्ता